# १० औं EWER त्रैमासिक प्रतिवेदन

## जुलाईदेखि सेप्टेम्वर - २०१७

### पृष्ठभूमि

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका (तत्कालीन पाँच विकास क्षेत्र अन्तर्गत पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल एक-एक र पूर्व तथा मध्य तराईको एक गरि ६ जना प्रतिनिधिहरु) ६ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो यो प्रतिवेदन तयार पारिएको हो । २०१७ को जुलाईदेखि सेप्टेम्वर महिनासम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ ।


सारांश

- बिगतका प्रतिवेदनहरुमा उल्लेख भएझै यस अवधिमा पनि बिभिन्न क्षेत्रमा भ्रष्टाचारका घटनाहरु बढेको देखिएको छ । प्राप्त प्रतिवेदनका आधारमा स्वास्थ्य क्षेत्रमा बढदो भ्रष्टाचारसंगै अस्पतालमा दक्ष जनशक्ति नहुने, पर्याप्त औषधीको अभाव र जाँचको उपकरण पर्याप्त नभएको र भएका उपकरण समेत बिग्रीएर रहेका कारण बिरामीले निकै कष्ट खेप्नु परिरहेको पाईएको छ । पाहाडि जिल्लाहरुमा सदरमुकाम लगायत सवै ठाउँमा र मधेश तथा तराईका ग्रामीण क्षेत्रमा यस किसिमको समस्या बढी देखिन्छ ।
- स्थानीय तहका कार्यालयहरुमा सामान खरीद गर्दा टेण्डर र कोटेशन बिना नै खरीद गरि अनियमितता गरिएको आरोपबाट जनप्रतिनिधिहरु समेत अछुतो रहन सकेनन् ।
- नेपाल आयल निगमको भण्डारणका लागि जग्गा खरीद गर्दा करोडौको घोटाला भएको भन्ने समाचार सार्वजनिक भएसंगै यसले नेपालमा संस्थागत भ्रष्टाचार बढदो रुपमा रहेको कुरालाई उजागर गरेको पाईयो ।
- यातायात, शिक्षा, स्वास्थ्य, विजुली जस्ता अत्यावश्यक सेवा प्रवाह गर्ने सवालमा सरकारको उदासिनता र लापरवाहीले जनताको जीवनस्तर एवं स्वास्थ्यमा समेत प्रत्यक्ष प्रतिकुल असर पर्ने गरिरहेको पाईएको छ ।
- प्राकृतिक श्रोत र साधन अन्तर्गत अबैद्य रुपमा गिट्टी, ढुङ्गा, बालुवा र बोल्डर निकासीको क्रम एकातिर बढदो रुपमा रहेको छ भने अर्कोतिर ठेकेदारहरुको प्रभावमा निकायले समेत दर्ता र नवीकरण नै नभएका फर्महरुलाई यस्ता कार्यको लागि अनुमति दिने, मापदण्ड विपरीतका कामहरु गर्ने कार्य समेत भईरहेको पाईएको छ । यसले गर्दा कतिपय ठाउँका मानव वस्ती समेत जोखिममा परेका छन् । यस्ता कार्य रोक्न केही ठाउँमा जिल्ला प्रशासन कायालयको सक्रियता समेत बढेको छ ।
- भ्रष्टाचार गरेको र अकुत सम्पत्ति आर्जन गरेको आरोपमा कार्वाही गर्ने नाममा केही समूहले कानुन हातमा लिने र कर्मचारीमाथि दुर्व्यवहारका घटना समेत घटाउने खालका क्रियाकलापहरु यस अवधिमा भए ।
- द्वन्द्व पीडितको लागि आएको रकम समयमा नै पीडित तथा तिनका परिवारजनलाई बितरण गर्न नसक्दा एकातिर रकम फ्रिज भएर गएको र अर्कोतिर पीडित परिवारले राहत पाउनबाट बंचित हुनुपरेको पाईयो ।

- बिगतका प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा पनि महिलामाथिको हिंसाका घटनाहरु बढिरहेको पाईएको छ । बिभिन्न क्षेत्रबाट प्राप्त प्रतिवेदनका आधार यस अवधिमा बलात्कार, घरेलु हिंसा, बहुविवाह, मानव बेचविखन, कुटपिट लगायतका घटनाहरु भएको देखिएको छ । बलात्कारका घटनामा पनि नावालिका उमेर समूहका माथिको घटना बढने गरेको पाईएको छ । यसले गर्दा महिला र बालिकामाथिको असुरक्षा समेत बढदो छ ।
- यस अवधिमा मानव वेचविखनका घटनाहरु भएता पनि प्रहरीको सकियतामा केही सफलता प्राप्त भई पीडित महिलाहरु वेचविखनबाट जोगिएका घटना पनि सार्वजनिक जानकारीमा आएको देखिन्छ ।
- बलात्कार र यौन शोषणको घटना लुकाउन महिलाको हत्या समेत गर्ने गरेको घटना यस अवधिमा भएको छ । यसले महिलामाथिको असुरक्षा बढनुका साथै सामाजिक तनाव समेत बढदो रुपमा रहेको पाईएको छ ।
- समुदायमा अझै पनि धर्म र जातको नाममा झैंझगडा हुने र दलितलाई शारीरिक तथा मानसिक तनाव दिने गरिएको पाइएको छ ।
- छाउपडी एक सामाजिक कलङ्क भए पनि अझै सुधार हुन नसक्दा महिलाहरुले समस्या झेल्नुका साथै ज्यान समेत गुमाउनु पर्ने बाध्यता रहेको छ ।
- अन्धविश्वास र गैरकानुनी प्रथाका रुपमा चलिआएको बोक्सीप्रथा र बोक्सीको आरोपमा दिईने सजाय एवं अमानवीय कार्यबाट महिलाहरु अझै पनि पीडित बनिनै रहेका छन् ।
- स्थानीय तहको तेश्रो चरणको निर्वाचनमा केही ठाउँमा भएका छिटपुट घटना बाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएका छन् ।
- स्थानीय तहको निर्वाचनमा केही स्थानहरुमा पहिचानको नारामा निर्वाचनमा होमिएका प्रतिनिधिहरु पनि निर्वाचित भएको पाइएको छ ।
- स्थानीय तहको निर्वाचनमा मतदातालाई आफ्नो पक्षमा पार्न बिभिन्न प्रलोभन र आश्वान दिन थालेपछि मतदाताले पनि बसघरा र शौचालय बनाइदिनेलाई भोट भनि उम्मेदवारलाई निर्माणको काममा ध्यानाकर्षण गराएको पाईयो ।
- स्थानीय तहको निर्वाचन पश्चात अधिकार बाँडफाँडको विषयलाई लिएर केही ठाउँमा तनाव सृजना भएको पाइयो ।
- प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको मिति घोषणासंगै प्रदेशको राजधानीको विषयमा तनाव हुने अवस्था देखिन थालेको पाइएको छ ।
- स्थानीय तह निर्वाचन सम्पन्न भएता पनि स्थानीय तह संचालन सम्बन्धी कार्य निर्देशिका र अख्तियारीको अभावका साथै श्रोतमाथिको अधिकारको विषयमा स्पष्ट नीतिको अभावका कारण श्रोत साधनमाथिको द्वन्द्व र बिबाद कायमै देखिन्छ ।
- खानेपानी तथा सिंचाईको अभावले स्थानीय जनता स्वच्छ पिउने पानीबाट बन्चित हुनुपर्ने अवस्था बढदो छ भने सिचाई र बस्तुभाउको लागि समेत पानीको समस्या सृजना हुन थालेको छ ।
- शसस्त्र द्वन्द्वका समयमा पीडित भएका द्वन्द्व पीडित र पीडित परिवारका लागि शान्ति तथा पूर्ननिर्माण मन्त्रालयबाट बिनियोजित रकम समयमै बितरण नभएका कारण एकातिर रकम फ्रिज भएको छ भने पीडित तथा पीडित परिवार राहत रकम पाउनबाट बन्चित हुन पुगेको पाईएको छ ।
- अविरल वर्षाका कारण आएको बाढीले धनजनको क्षति हुनुको साथै छालाका रोग बढनुका साथै पहिरोका कारण ४० परिवार बिस्थापीत भएको पाईएको छ ।
- भूकम्पबाट प्रभावित घर पुर्ननिर्माणको लागि बिनियोजित रकमको दुरुपयोग भएको पाईएको छ ।
- स्थानीय तहको व्यवस्थापन एक चूनौतीपूर्ण रहेको देखिन्छ ।
- प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा दलहरु ध्रुवीकृत भएकोले ध्रुवीकृत भएका दलहरुवीच र निर्वाचनमा भाग नलिने विप्लव नेतृत्वको नेकपा माओबादीवीच द्वन्द्व र तनावका सम्भावनाहरु बढदो छ ।

## १ सुशासन

**बिगतका प्रतिवेदनहरुमा उल्लेख भएझैं यस अवधिमा पनि बिभिन्न क्षेत्रमा भ्रष्टाचारका घटनाहरु बढेको देखिएको छ । बिभिन्न क्षेत्रबाट प्राप्त प्रतिवेदनका आधारमा यस अवधिमा स्वास्थ्य क्षेत्रमा बढदो भ्रष्टाचारसंगै अस्पतालमा दक्ष जनशक्ति नहुने, पर्याप्त औषधीको अभाव र जाँचको उपकरण पर्याप्त नभएको र भएका उपकरण समेत बिग्रीएर रहेका कारण बिरामीले निकै कष्ट खेप्नु परिरहेको पाईएको छ । पाहाडी जिल्लाहरुमा सदरमुकाम लगायत सवै ठाउँमा यो समस्या देखिएको छ भने मधेश र तराईका ग्रामीण क्षेत्रमा यस किसिमको समस्या बढि देखिन्छ ।**

पुर्वाञ्चलका उदयपुर, इलाम, पाँचथरमा सर्वसाधारण विरामीहरुले सहज रुपमा स्वास्थ्य उपचार पाउन सकिरहेका छैनन । दरवन्दी अनुसारका डाक्टरहरु नहुने, अस्पतालका भएका डाक्टरहरु पनि लामो समयसम्म विदामा बस्ने, स्वास्थ्य चौकीहरुमा औषधी तथा मेशीनहरुको अभाव जस्ता कारणले सेवाग्राहीहरु मारमा पर्ने गरेका हुन् ।

उदयपुरको गाईघाटस्थित जिल्ला अस्पतालमा दशैंको बिदामा गएका चिकित्सकहरु लामो समयको बिदामा रहेको कारण उपचारमा आएका बिरामीले सहज उपचार पाउन सकेनन् । उक्त अस्पतालका प्रमुख डा. महेश खनाल, प्रसूति विशेषज्ञ डा. फडिन्द्र बडाल र अर्का डा. अमिताभ ठाकुर दशैं अगाडि नै घर गएका र लामो समयसम्म बिदामा रहेका कारण अस्पतालको प्रसुती लगायतका बिभिन्न सेवामा समस्या भएको थियो । कतिपय बिरामीहरु स्थानीय क्लिनिकमा र कतिपय गाईघाटदेखि नजिक पर्ने सिरहाको लहानसम्म उपचारका लागि धाउनुपर्ने अवस्था रहेको पाईयो ।

त्यसैगरि जिल्ला अस्पताल इलामको एक्सरे मेसिन बिग्रिएपछि करिब दुई महिना यता बिरामीहरू समस्यामा परेका छन् । अस्पतालमा एक्सरे मेशीन नभएपछि झापाको बिभिन्न स्थानहरुमा निजी क्लिनिकहरुमा एक्सरे गर्नुपर्ने बाध्यता भएको सेवाग्राहीहरुले गुनासो गरे । मेशीनको अभावमा अनुमानकै भरमा समेत उपचार गरिदिनुपर्ने बाध्यता समेत रहेको चिकित्सकहरुले बताए ।

तेह्रथुम जिल्लामाको स्वास्थ्य संस्थाहरूमा औषधिको अभाव भएपछि बिरामीहरूको उपचारमा समस्या देखियो । पछिल्लो समय तेह्रथुमको विभिन्न गाउँमा भाइरल ज्वरोले बिरामी हुनेहरूको संख्या अत्याधिक रहेपनि स्वास्थ्य संस्थाहरूमा औषधि नहुँदा बिरामीहरूलाई जिल्ला अस्पतालमा ‘रिफर’ गर्नु परेको स्वास्थ्य संस्थाका इन्चार्जहरूले बताए । भाइरल ज्वरोको प्रकोप बढेको स्थानमा औषधिसहित स्वास्थ्य टोली पठाउनु पर्ने भएपनि औषधि सकिएकोले स्वास्थ्यकर्मीको टोली पठाउन नसकिएको जिल्ला अस्पतालका डाक्टर मुक्तिनाथ साहले बताए । जसको प्रत्यक्ष असर स्थानीय गरिव र निमुखा जनताहरुमा परेको देखियो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर एक)***

कपिलवस्तु, अर्घाखाँची लगायतका अस्पतालहरुमा यस अवधिमा विरामीहरुको चाप बढी भएको, औषधीको अभाव भएको, अस्पतालहरुमा बेड संख्या कम भएको जानकारीमा आयो । कुशहवा गाविसमा झाडापखालाको प्रकोपका कारण एक महिला र दुई बालबालिका गरि तीन जनाको ज्यान गएको सार्वजनिक जानकारीमा आएको पाईयो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर पाँच)***

बैतडीका सरकारी स्वास्थ्य संस्थाहरुमा अति आवश्यक किसिमका करिव एक दर्जनभन्दा बढी औषधीको अभाव हुँदा बिरामीहरुले निकै समस्या झेल्नु परेको पाईयो । सिटामोल, आईरन चक्की, जीवनजल जस्ता निम्नतम सुविधाको समेत अभावले अस्पतालमा आउने बिरामीले निकै समस्या खेप्नु परेको छ ।

जिल्ला अस्पताल दार्चुलामामा बिगत चार वर्षदेखि टेलिमेडिसिन सेवा बन्द हुँदा दुर्गम क्षेत्रका बिरामीहरु उपचार गराउन छिमेकी बजार भारततिर जानुपर्ने बाध्यता रहेको छ । दार्चुलामा २०७० सालमा आएको बाढिले मेशीनको पार्टपुर्जा बिग्रिएर काम नलाग्ने भएकोमा हालसम्म मर्मत हुन नसकेपछि बिरामी उपचारका लागि भारततिर जानुपर्ने बाध्यता बनेको हो । त्यसैगरि दार्चुलाकै अति बिकटमा रहेको हिमाल गाउँपालिकामा २०७४ साउन १ गतेदेखि खटाईएका स्वास्थ्यकर्मीहरु अझै सो गाउँपालिकाको स्वास्थ्य चौकीमा उपस्थित छैनन् । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर सात)***

**स्थानीय तहमा समेत सामान खरीद गर्दा टेण्डर र कोटेशन बिना नै खरीद गरि अनियमितता गरिएको आरोपबाट जनप्रतिनिधिहरु समेत अछुतो रहन सकेनन् ।**

कतिपय स्थानीय तहमा टेण्डर, कोटेशन लगायतका बिधि समेत नपुऱ्याई टेवल, कुर्सी, फर्निचर, ल्यापटप, कम्प्युटर, प्रिन्टर जस्ता मालसमान खरीद गर्ने कार्य गर्न थालेपछि जनप्रतिनिधिलाई अनियमितताको समेत आरोपबाट अछुतो रहन सकेका छैनन् । ***(त्रैमासिक प्रतिवेदन - प्रदेश नम्वर चार र प्रदेश नम्वर पाँच)***

स्थानीय तहको निर्वाचनपछि नागरिकको काममा केही सजहता हुन थालेको अनुभूति नागरिकले गरे तापनि अपेक्षाकृत काम अझै हुन नसेको पाईएको छ । काठमाडौंका मेयर बिद्या सुन्दर शाक्यले निर्वाचनअघि घोषणा गरेका प्रतिवद्धताहरुमध्ये निर्वाचित भएको एकदिन बित्दा समेत खासै उपलब्धीपूर्ण नरहेको पाईयो । यसका अलावा मोवाईल फोनको सुविधा लिने र बिलासिताको गाडी खरीद प्रकरणले निर्वाचित जनप्रतिनिधिको कार्यशैली बिबादित र आलोचनात्मक बन्यो । यसले गर्दा जनप्रतिनिधिहरुवीच पनि ध्रुवीकृत भएको पाईयो । भदौ २० गते बोलाईएको महानगर पालिकाको तीव्र विबादले गर्दा बैठक समेत बस्न सकेन । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

**नेपाल आयल निगमको भण्डारणका लागि जग्गा खरीद गर्दा करोडौको घोटाला भएको भन्ने समाचार सार्वजनिक भएसंगै यसले नेपालमा संस्थागत भ्रष्टाचार बढदो रुपमा रहेको कुरालाई उजागर समेत गरेको पाईयो ।**

आयल निगमको भण्डारणका लाीग विभिन्न जिल्लामा डेढ अर्बको जग्गा खरीद गर्दा ६७ करोड घोटाला भएको खुलासापछि यो विषय राजनीतिक तहसम्म विवादको बिषयको भएको पाईयो । यस प्रकरणमा मुख्यतयः नेपाल आयल निगमका कार्यकारी प्रमुख गोपाल खड्का बढी बिबादमा रहेको देखियो । संस्थागत भ्रष्टाचारजस्तो देखिएको यस विषयलाई संसदीय समितिले समेत चासोको साथ हेरेको पाईयो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

यस त्रैमासिक अवधिमा गोरखाको पालुङटार नगरपालिकाका सवइन्जिनियर सुनिल देवकोटालाई भुकम्प पीडितहरुको घर पुनः निर्माणको अनुदान वापत दोश्रो किस्ताको रकम बितरणका क्रममा घुस लिदै गरेको आरोपमा ०७४ भदौ १२ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिई कार्वाही अगाडि बढाएको पाईयो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

**यातायात, शिक्षा, स्वास्थ्य, विजुली जस्ता अत्यावश्यक सेवा प्रवाह गर्ने सवालमा सरकारको उदासिनता र लापरवाहीले जनताको जीवनस्तर एवं स्वास्थ्यमा समेत प्रत्यक्ष प्रतिकुल असर पर्ने गरिरहेको पाईएको छ ।**

सरकारले सडक निर्माणदेखि त्यसको मर्मतसम्मका कार्य राम्रोसँग गर्न नसक्दा जनताले सडकमा सास्ती भोग्नुपरेको छ । सुर्खेत हुँदै कर्णालीका विभिन्न जिल्ला जाने सडकको अवस्था खराब छ । जिल्ला भित्रका अन्य सडकहरु को अवस्था पनि हिंड्न लायक छैन । जनता सडकबाट यात्रागर्दा राम्रोसंग गन्तव्यमा पुग्ने हो वा हैन भन्ने त्रास छ जुन सडकको अवस्थाको कारण उत्पन्न त्रास हो । यसबाट नागरिकको स्वतन्त्र आवागमन सम्वन्धी अधिकार राज्यले प्रत्याभूत गर्न नसकेको स्थानीयको बुझाई रहेको छ ।

सर्लाही जिल्लास्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीका जिल्ला शिक्षा अधिकारी होमनाथ सुवेदीलाई ६ लाख नगदसहित भ्रष्टाचार गरेको आरोपमा नियन्त्रणमा लिएको छ । सुवेदीले भ्रष्टाचार गरी कमाएको रकम बोकेर घर जाँदै गरेको गोप्य सूचनाका आधारमा टोलीले जिल्ला शिक्षा अधिकारी चढेको गाडी जाँच गर्दा उक्त रकम फेला परेपछि नियन्त्रणमा लिएको जनाएको हो । सुवेदीले उक्त रकम तलब भत्ता बापतको भनी दावी गरिरहेको एक अधिकारीले बताए । जेठ ४ गते शिक्षक भर्ना बापत लिएको ४ लाख नगदसहित शिक्षा कार्यालयका उप-सचिव वासु तिमल्सिना र रामहरि रिजाल लालवन्दीको एक होटलबाट पक्राउ परेका थिए । ***(नेमाफ, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर दुई)***

**प्राकृतिक श्रोत र साधन अन्तर्गत अबैद्य रुपमा गिट्टी, ढुङ्गा, बालुवा र बोल्डर निकासीको क्रम एकातिर बढदो रुपमा रहेको छ भने अर्कोतिर ठेकेदारहरुको प्रभावमा निकायले समेत दर्ता र नवीकरण नै नभएका फर्महरुलाई यस्ता कार्यको लागि अनुमति दिने, मापदण्ड विपरीतका कामहरु गर्ने कार्य समेत भईरहेको पाईएको छ । यसले गर्दा कतिपय ठाउँका मानव वस्ती समेत जोखिममा परेका छन् । यस्ता कार्य रोक्न केही ठाउँमा जिल्ला प्रशासन कायालयको सक्रियता समेत बढेको छ ।**

सिरहा जिल्लाको धनगढीमाई नगरपालिकास्थित महुआडाँडामा सञ्चालन रहेका ९ वटा ढुङ्गा गिटी उद्योगमध्ये ७ वटा कुनै पनि निकायमा दर्ता नभएको पाईएको छ । कही दर्ता नभए पनि यी उद्योग ५ वर्षदेखि सञ्चालनमा रहेका छन् । यी उद्योगबाट दैनिक सयौं टिपर ढुंगा तथा गिटी निकासी हुने गरेको छ । यी उद्योग धनगढीमाई नगरपालिका महुआडाँडाको एउटै वडामा सञ्चालनमा छन् । एउटै वडामा यति धेरै ढुंगागिटी उद्योग रहेका कारण वरपरका मानवबस्ती विस्थापित हुने खतरा समेत बढेको छ । अवैध रुपमा सञ्चालित यी उद्योगले महुआडाँडा र कसहा गाउँवरपर करिब १० वर्ग किलोमिटर क्षेत्रमा २० देखि ३० मिटर गहिरो खाडल बनाएका छन् । ढुङ्गागिटी उद्योगको उत्खननका कारण पूर्व-पशिचम महेन्द्र राजमार्गको दायाँ-बायाँ दुवैतिर कृत्रिम नदीजस्तै बनिसकेको छ । मापदण्डविपरीत र अवैध रुपमा सञ्चालित ढुंगागिटी खानीबाट पीडित स्थानीयले पटक-पटक जिल्लास्थित प्रशासनिक निकायमा गुनासो गरेका छन् । तर, गुनासो हालसम्म सुनुवाई नभएको उनीहरु बताउँछन् । नाम नबताउने सर्तमा एक स्थानीयले भने, खानी सञ्चालकले गुन्डा पालेर राखेका छन् । गाउँमा कसैले यस्ता खानीविरुद्ध बोल्दा धम्की दिईन्छ । प्रशासनमा उजुरी गर्दा पनि उनीहरुकै संरक्षण भइरहेको छ ।

अनुमति विना ढुङ्गा गिटीजन्य उद्योग वर्षौंदेखि संचालन गरिरहेका सञ्चालकले जिल्ला समन्वय समिति सिरहामा रकम बुझाउने गरेको बताईएको छ । अनुमतिविना र अनुमति लिएर पनि मापदण्डविपरीत सञ्चालन भइरहेका सबै उद्योगले मासिक २५ लाख रुपैयाँ संकलन गरेर स्थानीय विकास अधिकारी सुरेश राउतलाई बुझाउने गरेको ढुंगागिटी उद्योगका ठेकेदारको दाबी छ । जिल्लामा अवैध रुपमा सञ्चालन भइरहेका ढुङ्गा गिटी उद्योगलाई वैध रुपमा काम गर्न दिईदै आए पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको जिम्मेवारी समेत पाएका प्रमुख जिल्ला अधिकारी श्रीकृष्ण श्रेष्ठ भने मौन छन् । सुरक्षा निकायका प्रमुख समेतले अवैध रुपमा सञ्चालन भइरहेका ढुंगागिटी उद्योगबारे चासो नदिएको स्थानीयको गुनासो छ ।

जिल्ला समन्वय समिति सिरहाले दिएको इजाजत मापदण्डमा ७ मिटर गहिराइसम्म मात्र खानी सञ्चालन गर्न पाइने उल्लेख छ । तर, खानी सञ्चालकले ढुंगागिटी निकाल्न २५ मिटरसम्म गहिरो खाडल बनाएका छन् । इजाजत लिएका २ वटा खानी रहेपनि उनीहरुले इजाजतमा लेखिएभन्दा १० गुना बढी क्षेत्रफलमा खानी फैलाएका छन् । जिल्ला समन्वय समितिका स्थानीय विकास अधिकारी सुरेश राउतले अवैध रुपमा संचालन भइरहेका ढुङ्गा गिटी उद्योगबारे भने आफूलाई जानकारी नभएको बताए ।

खानी सञ्चालनकले नदीजन्य वस्तु उत्खनन् गर्दा स्थानीय दुई गाउँ विस्थापित हुने अवस्था आएको छ । महुआडाँडा र कसहा गाउँ विस्थापित हुने अवस्था रहेको स्थानीय बताउँछन् । दुवै गाउँको चारैतिर अवैध रुपमा सञ्चालित ढुंगागिटी खानीका गाडीका कारण बाटोसमेत खाल्डाखुल्डीमा परिणत भएका छन् । खानी सञ्चालकले गाउँलेको आँगनकै डिलसम्म ढुङ्गा गिटी उत्खनन गरिरहेका छन् । *(स्रोतः नयाँ पत्रिका, ६ भदौ, २०७४)*

मोरङको उत्तरी क्षेत्रमा पर्ने खदम खोला र चुरे क्षेत्रबाट अबैध रुपमा भइरहेको ढुंगागिटीको तस्करी रोक्न जिल्ला प्रशासन कार्यालयले अप्रेसन शुरु गरेको जनाएको छ । सञ्चार माध्यममा ढुंगागिटी तस्करी सम्बन्धी समाचार आएपछि प्रशासनले तस्करी रोक्न सक्रियता देखाएको हो । मोरङका प्रमुख जिल्ला अधिकारी तथा प्राकृतिक स्रोतसाधन संरक्षण समितिका संयोजक रामप्रसाद आचार्यले यी क्षेत्रबाट प्राकृतिक दोहन भइरहेको जानकारी पाएको बताए । सोही सुचनाका आधारमा तस्करी रोक्न अप्रेशन सुरु गरेको उनले बताए । उनका अनुसार रातको समयमा ट्रयाकटर, ट्रक र ट्रिपर खोलामै लगेर ढुङ्गा गिटी तस्करी गर्ने गरेकाले प्रहरी परिचालन गरेको हो । तीन दिन अघिदेखि सञ्चालन भएको अप्रेसनबाट १७ ट्रयाक्टर र २ स्काभेटर नियन्त्रणमा लिई कारबाहीका लागि जिल्ला समन्वय समितिलाई बुझाएको उनले बताए । ढुंगागिटी तस्करीमा प्रहरीको मिलोमतो भएकोबारे जानकारी प्राप्त भएको प्रजिअ आचार्यले बताए । उनले भने, हाम्रो निगरानी निरन्तर जारी रहन्छ, प्रमाण संकलन भए पछि उनीहरु पनि कारबाहीमा पर्छन । मोरङको उत्तरी क्षेत्रमा पर्ने खदम खोला चुरे क्षेत्रबाट बगेर आउँछ । यो खोलाको ढुंगागिटी गुणस्तरीय भएकाले तस्करको आँखामा पर्दै आएको छ । प्रहरी प्रशासनले वेलावेला नियन्त्रणको प्रयास गरे पनि तस्करी रोकिएको थिएन । प्रहरीले नै ट्रयाक्टर र ट्रिपर व्यवसायीसँग सेटिङ मिलाएर ढुंगागिटी तस्करलाई संरक्षण गर्ने गरेको स्थानीयले आरोप लगाउँदै आएका छन् । नयाँ पत्रिका दैनिकले दुई महिनाअघि मोरङको उत्तरी क्षेत्रबाट प्राकृतिक सम्पदाको अवैध उत्खनन गरी तस्करी भइरहेको समाचार प्रकाशित गरेको थियो । त्यसपछि प्रशासनले नियन्त्रण अभियान चलाएपछि अवैध उत्खनन र ओसारपसार ठप्प भएको थियो । तर, सबैको ध्यान बाढी पहिरोमा गएको मौका छोपेर पुनः तस्कर सक्रिय भएको एक स्थानीयले बताए । *(स्रोतः नयाँ पत्रिका, १४ भदौ, २०७४)*

**भ्रष्टाचार गरेको र अकुत सम्पत्ति आर्जन गरेको आरोपमा कार्वाही गर्ने नाममा केही समूहले कानुन हातमा लिने र कर्मचारीमाथि दुर्व्यवहारका घटना समेत घटाउने खालका क्रियाकलापहरु यस अवधिमा भए ।**

जिल्ला समन्वय समिति गुल्मीका लेखापाल प्रेमलाल भण्डारीलाई भ्रष्टाचार गरि अकुत सम्पत्ती आर्जन गरेको आरोपमा बिप्लव नेतृत्वको नेकपा माओबादीका कार्यकर्ताहरुले ०७४ असोज १ गते मोसो दलेर दुर्व्यवहार गरे । त्यसैगरि नवलपरासीको कावासोती मालपोत कार्यालयका प्रमुखलाई पनि सोही संगठनका कार्यकर्ताहरुले भ्रष्टाचार गरेको आरोप लगाई ०७४ भदौ २९ गते मोसो दलेर दुर्व्यवहार गरेका थिए । कपिलवस्तु जिल्लाका जिल्ला मालपोत कार्यालयका प्रमुख ईश्वरी प्रसाद शर्मालाई ०७४ भदौ ३० गते कार्यालयबाट घर फर्कदै गर्दा अपरिचित समूहका व्यक्तिहरुले कुटपीट गरे । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर चार)***

**द्वन्द्व पीडितको लागि आएको रकम समयमा नै पीडित तथा तिनका परिवारजनलाई बितरण गर्न नसक्दा एकातिर रकम फ्रिज भएर गएको र अर्कोतिर पीडित परिवारले राहत पाउनबाट बंचित हुनु हुनुपरेको पाईयो ।**

बैतडीमा गत आर्थिक वर्षमा द्वन्द्व पीडितको लागि आएको नौ करोड ८२ लाख ५० हजार रुपियाँमध्ये तीन करोड ५७ लाख ७५ हजार तीनसय रुपैयाँ फ्रिज भएको पाईएको छ । ढिलोगरि अख्तियारी प्राप्त भएको र वीचमा स्थानीय तहको निर्वाचन भएकोले समयमै द्वन्द्व पीडितलाई रकम बितरण गर्न नसक्दा फ्रिज भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर सात)***

## २ सामाजिक एकता / तनाव

**बिगतका प्रतिवेदनमा झैं यस त्रैमासिक अवधिमा पनि महिलामाथिको हिंसाका घटनाहरु बढिरहेको पाईएको छ । यस प्रतिवेदनसंग आवद्ध बिभिन्न क्षेत्रबाट प्राप्त प्रतिवेदनका आधार यस अवधिमा बलात्कार, घरेलु हिंसा, बहुविवाह, मानव बेचविखन, कुटपिट लगायतका घटनाहरु भएको पाईयो । बलात्कारका घटनामा पनि नावालिका उमेर समूहका माथिको घटना बढने गरेको पाईएको छ । यसले गर्दा महिला र बालिकामाथिको असुरक्षा समेत बढदो छ ।** *(तलको बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई लैंगिक संवेदनशीलताको हिसावले गोपनीयता कायम गरिएको छ ।)*

पुर्वाञ्चलमा महिला तथा बालिकाहरु यौन दुर्यव्यवहारको शिकारमा परिरहेका छन् । १२ वर्षीया बालिकालाई ०७४ साउन १४ गते बलात्कार गरेको आरोपमा प्रहरीले भोजपुर षडानन्द नपा-७ केउरेनीपानीका ३२ वर्षीय मेघराज श्रेष्ठलाई साउन २१ गते गिरफ्तार गरेको पाईयो । उक्त घटनामा षडानन्द नपाका मेयर विरवल राईसहित बसेर ६० हजार रुपियाँ पीडित बालिकालाई दिएर गाउँमै मिलापत्र गराउने प्रयास समेत भएको पीडित पक्षले जनाएका छन् ।

४० वर्षीया महिलालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले भोजपुरको हतुवागढी गाउँपालिका-६ होम्ताङ्गका ३९ वर्षीय बालकुमार राईलाई साउन १० गते गिरफ्तार गऱ्यो । पीडित महिलालाई आरोपितले साउन १० गते यौन दुर्व्यवहार गरेको आरोपमा जिल्ला प्रहरी कार्यालय भोजपुरमा सोही दिन उजुरी परेको थियो । आरोपितले मादकपदार्थ सेवन गरी महिलामाथि दुर्व्यहार गरेको इलाका प्रहरी कार्यालय घोडेटारका प्रमुख राजकुमार थापाले बताए । ***(त्रैमासिक प्रतिवेदन-मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह -प्याग प्रदेश नम्वर एक)***

यस अवधिमा दुई वर्षकी बालिकालाई बुटवल उपमहानरगपालिका-११ का ३२ वर्षीय बिनोद कुमार दर्जीले बलात्कार गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको छ । गुल्मीको सत्यावती गाउँपालिका-७ का ६ वर्षीया बालिकालाई ३५ बर्षीय उनका पिताले बलात्कारको प्रयास गरेको आरोपमा प्रहरीले गिरफ्तार गरेको छ । नवलपरासीको बर्दघाटमा १४ वर्षीया एक बालिकालाई असार २६ गते ५ जनाले सामुहिक बलात्कार गरेको घटना सार्वजनिक जानकारीमा आएको पाईयो । लम्जुङ्गको बेसीसहर नपा-१ मा १२ वर्षीया मानसिक अशक्त एक बालिकालाई जवरजस्ती करणी गरेको आरोपमा प्रहरीले एकजनालाई गिरफ्तार गऱ्यो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर पाँच)***

कपिलवस्तु नगरपालिका-५ का २५ वर्षीय दिलशाह खानले दाईजो कम ल्याएको आरोपमा २० वर्षीया पत्नी सविनम खातुनलाई कुटपिट गरि शारीरिक र मानसिक यातना दिए । ***(त्रैमासिक प्रदेश नम्वर पाँच)***

२२ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा दशरथचन्द नपा-४ गोठलापानीका ४० वर्षीय केशव बोगटीलाई ०७४ साउन ३१ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडितलाई साउन १७ गते बलात्कार गरेकोमा सोही दिन पीडित परिवारले प्रहरीमा उजुरी दिएका थिए भने पीडितको साउन १८ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर सात)***

१७ वर्षीया एक बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा बैतडीको शिवनाथ गाउँपालिका-२ का २२ वर्षीय मिनबहादुर चन्द विरुद्ध पीडित पक्षले ०७४ भदौ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । बालिकामाथि भदौ २ गते नै दुर्व्यवहार भएको र सोही कममा उनलाई खुकुरीले समेत प्रहार गरि घाईते बनाएकोले उनको जिल्ला अस्पतालमा उपचार भईरहेको जिल्ला प्रहरी कार्यालय बैतडीका डिएसपी हेरम्ब शर्माले बताए । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर सात)***

एक १३ वर्षीया बालिकालाई सामूहिक बलात्कार गरेको आरोपमा सिरहाको लहान नपा १३ का १९ वर्षीय सरोज कुमार मुखिया, १९ वर्षीय  अरुण साह र २१ वर्षीय लालु पासवान बिरुद्ध भदौ १ गते इलाका प्रहरी कार्यालय लहानमा पीडित परिवारले उजुरी हाले । पीडित परिवारका अनुसार साउन ३२ गते आरोपितहरुले सामूहिक बलात्कार गरेको बताए । पीडित बालिकाको स्वास्थ्य जाच लहान स्थित राम कुमार उमा प्रसाद अस्पतालमा भदौ १ गते भएको थियो । इलाका प्रहरी कार्यालय लहानका डिएसपी हिरा बहादुर पाण्डेका अनुसार आरोपितहरु फरार रहेकोले खोज तलास भै रहेको बताए । *(स्रोतः इनसेक अनललाइन, ४ भदौ, २०७४)* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर दुई)***

सिरहामा एक १५ वर्षीया बालिकालाई ०७४ भदौ १३ गते बलात्कार गरेको भनि पीडित परिवारले प्रहरीमा दिएको उजुरीका आधारमा इलाका प्रहरी कार्यालय धनगढी, सिरहाको प्रहरी टोलीले धनगढीमाई नपा- १० का २७ वर्षीय तपसि यादवलाई सोही दिन राती गिरफ्तार गरेको छ । पीडित परिवारका अनुसार भदौ १३ गते आरोपितले बलात्कार गरेकोले कार्वाहीको लागि इलाका प्रहरी कार्यालय लहानमा उजुरी हालेका थिए । पीडित बालिकाको स्वास्थ्य जाँच लहान स्थित राम कुमार उमा प्रसाद अस्पतालमा भदौ १३ गते भएको थियो ।इलाका प्रहरी कार्यालय लहानका इन्सपेक्टर जुगेश्वर राउतका अनुसार आरोपितलाई गिरफतार गरी आवश्यक कार्वाही प्रकृया अगाडी बढाएको बताए । *(स्रोतः इनसेक अनललाइन, १४ भदौ २०७४ )* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर दुई)***

**यस अवधिमा मानव वेचविखनका घटनाहरु भएता पनि प्रहरीको सकियतामा केही सफलता प्राप्त भई पीडित महिलाहरु वेचविखनबाट जोगिएका घटना पनि सार्वजनिक जानकारीमा आएको पाईयो ।**

रुपन्देहीको बेलहिया एक २६ वर्षीया एक महिलालाई राम्रो जागिर लगाईदिने प्रलोभनमा पारी ०७४ असार २९ गते भारतको बाटो हुदै ओमान लैजान लागेको बेला प्रहरीले पीडितको उद्धार गर्नुका साथै बेचविखनमा संलग्न भएको आरोपमा आरोपितलाई गिरफ्तार गरेको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर पाँच)***

त्यसैगरि ओखलढुङ्गाकी २५ बर्षीया युवतीलाई असार २९ गते बेलहिया नाकाबाटै बेचविखनको अभिप्रायले भारतको गोरखपुरतर्फ लैजादै गरेको अवस्थामा प्रहरीले ती युवतीलाई उद्धार गर्न सफल भएको र उक्त घटनामा संलग्न भएको आरोपमा दुईजना युवकहरु गिरफ्तार गरिएको प्रहरीले जनाएको छ । ***प्याग नेपाल, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर एक)***

राम्रो जागिर लगाईदिने प्रलोभनमा बेचबिखनका लागि भारत लैजान लागिएका २० वर्षदेखि २८ वर्षसम्मका तीन जना महिलाहरुलाई कैलालीको सिमा नाका पर्ने त्रिनगरबाट ०७४ साउन २५ गते प्रहरीले उद्धार गरेको छ । सोही कममा युवतीहरुलाई भारततर्फ लैजान लागेका टिकापुर नपा-१३ का शिवराज सञ्जेल र सोही ठाउँका कमल चौधरीलाई साउन २५ गते नै गिरफ्तार समेत गरि आवश्यक कार्वाही प्रकिया अगाडि बढाईएको प्रहरीले जनायो । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर सात)***

**बलात्कार र यौन शोषणको घटना लुकाउन महिलाको हत्या समेत गर्ने गरेको घटना यस अवधिमा भएको पाईएको छ । यसले महिलामाथिको असुरक्षा बढनुका साथै सामाजिक तनाव समेत बढदो रुपमा रहेको पाईएको छ ।**

गुल्मी र बाग्लुङ्गको सिमानामा पर्ने बडिगाड खोलामा मृत फेला परेकी गुल्मी अमराईकी गिता नेपालीको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले २० बर्षीय एक युवकलाई गिरफ्तार गरेको छ । आरोपित र गिता नेपालीवीच शारीरिक सम्बन्ध रहेको नेपालीले बिबाहको लागि दवाव दिएपछी आफूले हत्या गरेको आरोपितले स्वीकार गरेको प्रहरीले बताएको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर चार र पाँच)***

एक वर्षीया छोरीको हत्याको आरोपमा स्याङजाको फेदीखोला-१ मा अस्थायी बसोबास गर्दै आएका उदयपुरका ३५ वर्षीय अर्जुन थापा मगर र २० बर्षीया श्रीमती पवित्रा नेपालीलाई प्रहरीले गिरफ्तार गऱ्यो । उनीहरु फेदी खोलामा मजदूरीको काम गरेर बस्दै आएका थिए । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर चार)***

**समुदायमा अझै पनि धर्म र जातको नाममा झैझगडा हुने र दलितलाई शारीरिक तथा मानसिक दिने गरिएको पाइएको छ ।**

रुपन्देहीको समरीमाई गाउँपालिका-६ की एक युवतीले कथित तल्लो जातिको युवकसंग प्रेम गरेको आरोपमा स्थानीय जनप्रतिनिधि र समुदायका मानिसले युवतीलाई निर्घात रुपमा कुटपिट गरे भने सामाजिक पंचायती बसी युवकबाट एकलाख रुपैया जरिवाना गराई युवतीको परिवारलाई दिनुपर्ने निर्णय गरे ।

सुर्खेतको लेकवेशी नगरपालिकाको साटाखानीमा सार्वजनिक धारा छोएको आरोपमा २७ वर्षीय टीका मिजारलाई कुटपिट गरिएको घटनामा पीडित पक्षले दिएको किटानी जाहेरी प्रहरीले दर्ता गर्न समेत आनाकानी गरेको र उजुरी बुझ्न समेत नमानेको पाइयो । *(स्रोत : साझा विसौनी दैनिक, जुलाई ६ )*

अन्तरजातीय विवाह गरेकै  कारण सुर्खेतको बराहताल गाउँपालिका दमारका बलबहादुर विक, उनका वुवा र आमालाई समेत माइती पक्षकाले भौतिक आक्रमण गरेका थिए । उक्त घटनामा राष्ट्रिय मानव अधिकार आयोगको समेत ध्यानाकर्षण भएको पाइयो ।  *(स्रोत : साझा विसौनी दैनिक , सेप्टेम्वर १२ )*

सिरहा धनगढीमाई नपा-२ की एक युवती मुस्लिम यविकसँग प्रेम गरेकै कारण सामाजिक बहिष्कारमा परेकी छिन् । धनगढीमाई नपा-२ भवानीपुरकी २० बर्षीया युवती रमिता सदाय सामूहिक बहिष्कारको शिकार बनेकी हुन् । रमितालाई एक हप्तादेखि सार्वजनिक टयूवेलको पानी समेत खान दिइएको छैन । घरबाट बाहिन निस्कन समेत प्रतिबन्ध लगाएइको छ । सडकमा निस्कदा पनि स्थनीयले गाली गलौज गर्ने गरेको रमिता बताउँछिन् । घरबाट आफूलाई बाहिर निस्कन समेत नदिएपछि दाइले एक किलोमिटरको दुरीमा पर्ने थारु टोलबाट ल्याइदिएको पानी पिउने गरेको उनले बताईन् । रमिताको घरमा गाउँका कोही पनि जाँदैनन् । उनको घरमा कोही पुग्यो भने त्यसलाई पनि सामूहिक बहिष्कार गरिने भन्दै स्थानीय अगुवाले उर्दी नै जारी गरेका छन् । स्थानीय जानकी सदाय भन्छिन्, मुस्लिम केटासँग प्रेम गरेकाले यहाँका अगुवाले सामूहिक बहिष्कार गरेका छन् । हामी पनि आफ्नो टयूवेलको पानी खान दिदैनौं । खान दिए मलाई पनि कारवाही गर्छन् । भवानीपुरमा ४० सदाय मुसहर परिवार छन् । तर रमिताको पक्षमा बोल्ने कोही छैन् । हरुवा चरुवाहरुको जिल्ला सचिव बताउने श्यामसुन्दर सदाय र स्थानीय महिला पलास सदायको अगुवाइमा स्थानीयले रमितालाई सामूहिक बहिष्कार गरेका छन् । श्यामसुन्दरले प्रधानमन्त्री आएपनि रमितालाई दिएको सामूहिक बहिष्कार सजायको निर्णय फिर्ता नहुने बताउँछन् । गाउँलेले रमितालाई कारबाही नगरिए यहाँका समाज विग्रिने गाउँलेहरु बताउँछन् । रमिताको विवाह डेढ वर्ष अगाडि मिर्चैया बजारमा भएको थियो । तर उनका प्रेमी स्थानीय मुस्लीम युवकले उनलाई भगाएर एक महिनासँगै राखे । पछि ती केटा पनि बिहे नगरी फरार भएपछि रमिता अहिले न उता न यताकी भएकी छन् । मुस्लिम केटासँग एक महिना बस्दा उनी गर्भवती भएकी थिईन् । अहिले रमिताको पेटमा ८ महिनाको बच्चा छ । स्थानीय अधिकारकर्मी रेणु यादव भन्छिन् रमितालाई सामूहिक बहिष्कारको निर्णय गर्ने त्यहाँका पसलास सदाय र श्यामसुन्दर सदायलाई कारवाही गर्न प्रशासनसँग माँग समेत गरिएको छ । *(१ असोज, २०७४, स्रोत: इन्सेक अनललाइन)* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर दुई)***

**छाउपडी एक सामाजिक कलङ्क भए पनि अझै सुधार हुन नसक्दा महिलाहरुले समस्या झेल्नुका साथै ज्यान समेत गुमाउनु पर्ने बाध्यता रहेको छ ।**

महिलाहरु महिनावारी भएका वेला घरभन्दा पर बनाईएको सानो छाप्रो वा गोठमा पशुसंगै सुत्नुपर्ने अवस्था प्रदेश नं. ६ र ७ का जिल्लाहरुमा छ । छाउगोठमा नसुते पाप लाग्ने धार्मिक तथा सामाजिक परम्परागत अन्धविश्वास यसको मूल

कारण रहिआएको छ । यस्तो बेला छाउ गोठमा सुत्दा महिलाहरु विशेषगरी युवतीहरु वलात्कृत हुने गरेका छन्, उनीहरुले सरसफाई लगायत अन्य बिभिन्न समस्या भोग्नुपरेको छ भने कहिलेकाही ज्यान समेत गुमाउनु परेको छ । दैलेख जिल्ला चामुन्डा विन्द्रासैनी नगरपालिकास्थित लैनचौरकी २२ वर्षीय तुलसी शाहीको महिनाबारी भएका बेला छाउगोठमा सुत्दा सर्पको डसाईबाट मृत्यु भएको छ । ***(त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर छ)***

**अन्धविश्वास र गैरकानुनी प्रथाका रुपमा चलिआएको बोक्सीप्रथा र बोक्सीको आरोपमा दिईने सजाय एवं अमानवीय कार्यबाट महिलाहरु अझै पनि पीडित बनिनै रहेका छन् ।**

पर्सा जिल्लाको जगरनाथपुर गाउँपालिका-३ बीजबनियाको खलुचई टोलका ५५ वर्षीया इम्बानी खातुनलाई बोक्सीको आरोपमा निर्घात कुटपिट गरिएको छ । गम्भीर घाइते भएकी उनको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार भइरहेको छ । खातुनलाई छिमेकी जोखु मियाँको परिवारका सदस्यले निर्घात कुटेको स्थानीयले जनाएका छन् । जोखुको एक वर्षका नातिलाई ज्वरो आएपछि खातुनले बोक्सीमन्त्र गरेर बिरामी बनाइदिएको आरोप उनीहरुले लगाएका थिए । जोखु, उनका छोराहरु नुर र अली हसन तथा बुहारीहरु नुर कलिमा र रोबिनाले कुटपिट गरेको पति अहमद गद्दीले बताए । उनका अनुसार खातुनलाई उपचारका लागि सेढवा स्वास्थ्य चौकीमा लगिएको थियो । अवस्था गम्भीर देखेपछि त्यहाँका स्वास्थ्यकर्मीले वीरगन्ज रिफर गरेका हुन् । *(स्रोत नयाँ पत्रिका, ७ भदौ, २०७४)* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर दुई)***

## ३ राजनीतिक परिचालन / तनाव

**स्थानीय तहको तेश्रो चरणका निर्वाचन पनि केही ठाउँमा भएका छिटपुट घटना बाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ ।**

प्रदेश नम्वर दुईमा पर्ने मधेशका आठवटा जिल्लाहरुमा मात्र असोज २ गते सम्पन्न स्थानीय तहको निर्वाचन केही ठाउँमा भएका छिटपुट घटनाहरुबाहेक शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ । दोश्रो चरणमा सम्पन्न गरिने भनिएको प्रदेश नम्वर २ को निर्वाचनको सन्दर्भमा आफुहरुको माँग सम्बोधन नभएसम्म भाग नलिने र निर्वाचन हुन नदिने जनाउँदै राष्ट्रिय जनता पार्टी (राजपा) ले चरणबद्ध आन्दोलनका घोषणा गरेपछि उक्त निर्वाचनको मिति २०७२ असोज २ गते कायम गरिएको थियो । उक्त निर्वाचनका सन्दर्भमा केही ठाउँमा राजनीतिक दलभित्रैका कार्यकर्ताहरुवीच झडप भएको पाइयो भने केही स्थानहरुमा बिभिन्न दलहरुवीच यस किसिमका झडपका घटनाहरु भए । आचारसंहिता उलङ्धन भएका घटनाहरु समेत सार्वजनिक जानकारीमा आएको पाइयो ।

सिरहामा टिकट वितरणको विषयमा विवाद हुँदा कांग्रेस कार्यकर्ताहरुवीच आपसमै भिडन्तको समेत घटना भयो । घटनामा १२ जना घाइते भए । कांग्रेस सिरहाका सभापति रामचन्द्र यादव, सांसद पद्मनारायण चौधरी, गणेश मण्डल र मोख्तार अहमदले स्थानीय तहको निर्वाचनका लागि उम्मेदवारहरुको टुङ्गो लगाउन क्रममा असन्तुष्ट पक्षसहित दुवै पक्षलाई बोलाएर विवाद मिलाउने प्रयास गरेका थिए । छलफलकै क्रममा थप विवाद हुँदा पार्टी कार्यालयमै झडप भई सिरहा नगरपालिकाका मेयर पदका उम्मेदवार सुभाष यादव र कांग्रेस सचिव उपेन्द्र यदाव पक्षका कार्यकर्ताहरु बीचमा झडप भएको हो । झडपमा परि सिरहा क्षेत्र नम्बर ३ का कांग्रेस सभापति सञ्जयप्रकाश यादव, सिरहा-१५ का रामबाबु यादव, २ का सुधन यादव, मुकेश, बुधन, अरुण, राजेश्वर, देवनारायण साह, १ नम्बर वडाका जगदीश यादव र कामेश्वर यादव घाइते भए । *(स्रोतः कान्तिपुर दैनिक, २२ भदौ, २०७४)* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर दुई)***

संघीय समाजवादी फोरमले भदौ १४ गते सप्तरीका १८ मध्ये १५ स्थानीय तहमा उम्मेदवार चयन गर्‍यो । अरु तीन तहमा अझै उम्मेदवार छान्न सकेको छैन । फोरमका तर्फबाट बोदेवरसाइन नगरपालिकाको मेयर पदमा दुई नेताका छोरा आकांक्षी भएपछि उम्मेदवारहरुको बारेमा निर्णय गर्न सकस भएको हो । फोरम उपाध्यक्ष तथा तराई मधेस प्रदेश संयोजक रेणुकुमारी यादवका छोरा अभिषेक र केन्द्रीय सदस्य तथा सप्तरी इन्चार्ज अनिरुद्रप्रसाद सिंह यादवका छोरा आतिषकुमार मेयरका आकांक्षी भएपछि स्थानीय कार्यकर्ता रुष्ट भई सभासद् तथा संघीय समाजवादी फोरमका नेता रेणु यादवको घरमा तोडफोड समेत गरे । *(स्रोतः कान्तिपुर दैनिक, १७ भदौ, २०७४)* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर दुई)***

तेश्रो चरणमा सम्पन्न स्थानीय तहको निर्वाचन परिणामले प्रदेश नम्बर दुईमा नेपाली कांग्रेसलाई पहिलो शक्तिको रुपमा स्थापित गरेको छ भने संघीय समाजबादी फोरमलाई दोश्रो, राष्ट्रिय जनता पार्टी तेश्रो, माओबादी केन्द्र चौथो र एमालेलाई पाँचौ स्थानमा रहेको देखाएको छ ।

**स्थानीय तहको निर्वाचनमा केही स्थानहरुमा पहिचानको नारामा निर्वाचनमा होमिएका प्रतिनिधिहरु पनि निर्वाचित भए ।**

प्रदेश नम्बर एकका पहाडि क्षेत्रमा पहिचान पक्षधर मंगोल नेशनल अर्गनाईजेशन, राष्ट्रिय जनमुक्ति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मंचले हालै सम्पन्न स्थानीय तहको निर्वाचनमा सहभागी जनाएका थिए । जसमा इलाम जिल्लाको माङसेवुङ गाउँपालिका-५ मा राष्ट्रिय जनमुक्ति पार्टीका प्रतिनिधिहरु प्यानलै विजयी भए । त्यसैगरि चुलाचुली गाउँपालिका-१ मा सङ्घीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका प्रतिनिधिहरु प्यानल नै विजयी बने । निर्वाचित जनप्रतिनिधिहरु हाल विकास निर्माण र जनताको सेवा प्रवाहमा बढी केन्द्रीत भएका देखिन्छन् । यस निर्वाचनमा अर्द्ध भूमिगत रहेर सङगठन संचालन गरिरहेको बिप्लव नेतृत्वको नेकपो खासै अवरोध गरेको देखिएन । ***(प्याग नेपाल, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर एक)***

**स्थानीय तहको निर्वाचनमा मतदातालाई आफ्नो पक्षमा प्रभाव पार्न बिभिन्न प्रलोभन र आश्वान दिन थालेपछि मतदाताले पनि बसघरा र शौचालय बनाइदिनेलाई भोट भनि उम्मेदवारलाई निर्माणको काममा ध्यानाकर्षण गराएको पाईयो ।**

महोत्तरीको सदरमुकाम जलेश्वरबाट उत्तर गुनरपुराको मुसहर बस्तीका ४० घरमा करिब सय मत छन् । सहरी क्षेत्र र राजमार्ग छेउछाउमा हुल बाँधेर मत माग्न घरदैलो गरिरहेका उम्मेदवार यो बस्तीमा आइपुग्न भने भ्याएका छैनन् । कुनै बेला भोट माग्न उम्मेदवार आइहाल्छन् कि भनेर नीरादेवी सदा र रामविलास सदाजस्ता केही तन्नेरी युवा तम्त्यार छन् । वर्दिवास जाने राजमार्गबाट पश्चिममा रहेको महोत्तरी गाउँपालिका-२ मा पर्ने गुनरपुराको यो मुसहर बस्तीमा शनिबार पुग्दा नीरादेवी सदा र रामविलास सदा सामुन्ने आए । कुनै दलका उम्मेवार ठानेर उनीहरु आएका थिए । एकैछिनमा सबैले घेरे । अर्काको हलो कोदालो नगरी खान नपाउने मुसहर बस्तीमा धेरै पटक नेताहरुले सपना बाँडे । तर, भोट पाएपछि गाउँ नफर्कदा उनीहरु आक्रोशित थिए । २०६४ सालमा माओवादीका उम्मेदवारले हाम्रा सबै दुःख पूरा गरिदिन्छु भने, उसैलाई भोट हाल्यौं, भोट लिएपछि गाउँ फर्केर आएनन्, नीरादेवीले भनिन्, ७० सालमा कांग्रेसले हाम्रा समस्या सबै पूरा गरिदिने भनेर त्यसरी नै भन्यो, गर्ला कि भन्ने ठान्यौं । उसले पनि केही गरेन । यसपटक माग पूरा गर्नेलाई मात्रै भोट दिने बस्तीका अगुवा रामविलास र नीरादेवीले बताए । यस पटक गाउँकै उम्मेदवार छन्, गाउँकै केही गर्लान भने आस छ उनले भने । नजिकैको अकुसी खोलामा धेरै पानी बगिसक्यो । तर, २५ वर्षदेखि यहाँका मुसहर बस्तीका दुःख जहाँका तहीँ छन् । उनीहरु गुठीको ऐलानी जग्गामा फुसको झुप्रामा जीवन बिताएको २५ वर्ष बितिसक्यो । ऐलानी जग्गा सबैले बराबरी बाँडेर बसेका छन्, तर उनीहरुको नामा मुठी माटो छैन । केही वर्षअघि घरनजिकै साहूको दुई विघा जमिन लिएर तरकारी खेती गर्थे । दुई बिघामध्ये परिवारको भागमा ४० कट्ठा परेको थियो । त्यसैमा तरकारी खेती गरेर नजिकैको बजारमा बेच्थे । त्यसले जीविका चल्दै थियो । त्यो पनि अहिले बन्द छ । दुःख पसिना गरेर उब्जनी बढाएपछि त्यही खेत अहिले साहू आफैंले लिएर तरकारी लगाउन थाले । अहिले अधियाँ खेती र मजदुरीबाट जीवन धान्दै आएका यी मुसहरसँग ठूला सपना छैनन् । न त उनीहरुलाई राजनीतिक मुद्दासँग नै सरोकार छ । विकास निर्माण भएन भन्ने गुनासो पनि छैन । भोट माग्ने आउनेसँग उनीहरुको मुख्य मद्दा बस्ती छेउछाउमा बसघरा बनाइदिनुपर्ने माग छ । विवाह र चाडपर्वमा पाहुना राख्ने ठाउँ नभएकाले बसघरा बनाइदिन २०६४ साल देखि नै भन्दै आएको उनीहरुले बताए । झुपडी भएकाले पाहुना आउँद राख्ने ठाउँ हुन्न, विवाह गर्दा त्यस्तै समस्या छ, नीरादेवीले भनिन्, ०६४ साले देखि सबै पार्टीले बनाइदिन्छु, त भने तर कोही अघि सरेनन् । बसघराबाहेक शौचालय उनीहरुको दोस्रो माग हो । शौचालन नबन्दा तीन वर्षदेखि उनीहरुले नागरिकता सम्म पाएका छैनन् । तीन वर्ष अघि गाउँलाई खुला दिसामुक्त क्षेत्र घोषणा गरियो । त्यसपछि नागरिकता बनाउन पनि घरमा शौचालय भएको कार्ड चाहियो । त्यो देखाए मात्र प्रशासनले नागरिकता बनाइदिने नियम बसाल्यो । जसका कारण ४० भन्दा बढी युवायुवतीसँग नागरिकता छैन । कति त बूढाबूढी भइसकेकासँग समेत नागरिकता छैन । ४० घरमध्ये तीनवटामा मात्रै शौचालय छ । एक त शौचालय बनाउने जमिन छैन । घरभित्रै बनाउन पनि पैसा छैन । जग्गाको लालपुर्जा पनि छैन, अहिले त नागरिकता पनि नपाउँदा हामी सबै सुविधाबाट वञ्चित छौं, देवु सदा भन्छिन्, राहत बाँडदा पनि नागरिकता खोजियो तर नभएकाले राहत पाएनौं, भोट लिने बेला सबैले पूरा गर्छौं मात्रै भन्छन् तर हाम्रो दुःख हेरिदिने कोही भएनन् । नागरिकता नुहँदा जन्म दर्ता, विवाह दर्ता पनि हुन सकेको छैन । लालपुर्जा नभएकोले बिजुलीको सुविधा पनि पाएका छैनन् । विद्युत्को नाङ्गो तारबाट हुकिङ गरेर

नै उनीहरु बत्ती बाल्छन् । नागरिकता र लालपूर्जा नहुँदा हामीले बाढीका बेला सरकारले दिएको चामल पनि लिन पाएनौं, उनीहरुले भने यस पटक अधियाँ लगाएको खेत सबै बाढीले लगिदियो । केही छैन । अबको वर्ष कसरी बाँच्ने भने पीर परेको छ ।*(स्रोतः कान्तिपुर दैनिक, १७ भदौ, २०७४)* ***(नेमाफ, त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर दुई)***

**स्थानीय तहको निर्वाचन पश्चात अधिकार बाँडफाँडको विषयलाई लिएर केही ठाउँमा तनाव सृजना भएको पाइयो ।**

नवलपरासीको कावासोती नगरपालिकाको नगरसभामामा बजेट बाँडफाँडको विषयमा विपक्षीको असमतीको बिच नगरसभा सम्पन्न गरेको विषयलाई लिएर ९ जना वडा अध्यक्षले नगरपालिकामा तालावन्दी गरे । मुस्ताङ्गको बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिकाका उपाध्यक्ष ढिकी गुरुङ्गलाई सोही गाउँपालिका-४ का वडा अध्यक्ष तेञ्जिङ गुरुङले भदौ १२ गते दिउँसो कार्यकक्षमा हातपात गरेको घटना बाहिर आएको छ । सो गाउँपालिकामा रहेको एम्बुलेन्सको विषयमा छलफल हुँदा एक्कासी हातपात गरेको पीडित पक्षले बताएका छन् । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर चार)***

सरकारले स्थनीय तहको कामकारबाहीका वारेमा दिदै आएका विभिन्न कार्यहरुमा अर्को व्यवस्था नभएसम्मका लागि जारी परिपत्रहरुले स्थानीय जनप्रतिनिधिहरु असन्तुष्ट भएका छन् । कर्मचारी भर्ना गर्न रोक लगाएको, स्थानीय तहको नाम परिवर्तन गर्न नपाउने, आफूखुशी गाडी खरीद गर्न बन्देज, बालुवा बेचेको रकम सरकारी खातामा जम्मा गर्नुपर्ने, आफ्नै हिसाबले भवन बनाउन नपाउने जस्ता विभिन्न मन्त्रलायहरुले दिएको परिपत्रले गर्दा स्वतःस्फूर्त ढंगबाट काम गर्न नपाएको स्थानीय तहका जनप्रतिनिधिले बताएका छन् । ललितपुर उपमहानगरपालिकाका मेयर चिरीकाजी महर्जनले स्थानीय विकास मन्त्रालयले हस्तक्षेप गरेकाले काम गर्न अप्ठ्यारो भएको बताएका छन् । ***(त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर तीन)***

**प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको मिति घोषणासंगै प्रदेशको राजधानीको विषयमा तनाव हुने अवस्था देखिन थालेको पाइएको छ ।**

आउँदो मंसीर १० गते र २१ गते हुन गईरहेको प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा राष्ट्रिय दलहरु केन्द्रित हुन थालेका छन् । यसै क्रममा अरु क्षेत्रमा भन्दा प्रदेश नम्वर पाँचको चूनावी नाराको अवस्था फरक रहेको पाईयो । यस प्रदेशमा उठने नेताहरुले प्रदेशको राजधानीलाई चूनावी मुद्दाको रुपमा अगाडि सारेको पाईयो । राजनैतिक दलहरुले चुनावमा बनाउने अर्को एक एजेण्डा प्रदेशको राजधानी कहाँ बनाउने भन्ने विषय हो । प्रदेश नं. ५ अर्न्तगत सरकारले बुटवल, दाङ्ग र कपिलवस्तुको तिलौराकोट क्षेत्र गरी तीन स्थानलाई सिफारिस गरेसंगै यस विषयमा तनाव बढ्न थालेको छ । माओवादी केन्द्रका नेता तथा अर्घाखाँची जिल्लाका सांसद टोप बहादुर रायमाझीले बिभिन्न कार्यक्रमहरुमा प्रदेश नं. ५ को राजधानी कपिलवस्तु बनाउनु पर्ने धारणा राखेका छन् । यस्तै कपिलवस्तु जिल्ला क्षेत्र नं. ५ का सांसद अभिषेक प्रताप शाहले पनि राजधानी आफ्नो चूनावी एजेण्डामा प्रदेशको राजधानीलाई मुख्य बनाएका छन् । यसैगरि एमालेका नेता बिष्णु पौडेले ५ नम्बर प्रदेशको राजधानी बुटवल हुनुपर्ने धारणा सार्वजनिक गरेका छन् भने एमाले कै नेता शङ्कर पोखरेलले ५ नम्बर प्रदेशको राजधानी दाङ्ग हुनु पर्ने धारणा सार्वजनिक गर्नुले यस प्रदेशको लागि आउँदो निर्वाचनको मुख्य एजेण्डा नै प्रदेशको राजधानी रहेको देखिन्छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर पाँच)***

## ४. श्रोत साधनमाथिको द्वन्द्व

**स्थानीय तह निर्वाचन सम्पन्न भएता पनि स्थानीय तह संचालन सम्बन्धी कार्य निर्देशिका र अख्तियारीको अभावका साथै श्रोतमाथिको अधिकारको विषयमा स्पष्ट नीतिको अभावका कारण श्रोत साधनमाथिको द्वन्द्व र बिबाद कायम देखिन्छ ।**

स्थानीय तहलाई कर उठाउने अनुमति दिने प्रस्तावित नमूना ऐनले स्थानीय तहले व्यवसाय कर, सवारी साधन कर, विज्ञापन कर, बहाल कर, पार्किङ् शुःल्क, ट्रेकिङ्, कायोनिङ् कर, बन्जी जम्पिङ् कर, र्‍याफ्टिङ् कर आदि उठाउने प्रावधान गरेको छ । झण्डै दुई दशकको लामो समयपश्चात पहिलोपटक स्थानीय तहको निर्वाचन भएपछि कर उठाउन लालायित छन् स्थानीय तहहरु । तर यसले थुप्रै विवादहरु पनि जन्माएको छ । जस्तै सोलुखुम्बुको खुम्बु क्षेत्रका स्थानीय निकायले पर्यटकसँग प्रति पर्यटक त्यस तहमा प्रवेश गरेवापत २,०००/- (दुईहजार) रुपैयाँ कर लिन थालेपछि पर्यटकलाई झन्झटिलो हुने पक्का भएको छ । कुनै ठाउँ हुँदै पार गर्दा पनि कर तिर्नुपर्ने प्रावधान आउन सक्ने हुँदा करको विकेन्द्रीकरणको औचित्यता मै प्रश्न उठ्न थालेको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

गाविसहरुलाई एकीकृत गरी बनाईएका नयाँ गाउँपालिकाहरु र नगरपालिकाहरुमा सामुदायिक वन व्यवस्थापनमा विवाद पाईएको छ । जसले गर्दा सामुदायिक वन तथा अन्य स्रोत उपयोगमा विवाद अझ बढ्न सक्ने सम्भावनाहरु प्रशस्त देखिन्छन् । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

ललितपुर लगायतका स्थानहरुमा खानी तथा क्रशर उद्योगहरुले जथाभावी ढुङ्गा गिट्टी उत्खनन् गरिरहेका छन् तर स्थानीय प्रशासन भने मौन रहेपछि टीकाभैरव क्षेत्रका वासिन्दाहरु आक्रोशित छन् । उद्योगीले राजनीतिक संरक्षणमा त्यस्तो कार्य गरिरहेको समाचारहरुमा उल्लेख छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

जग्गा प्लटिङ्का लागि बढ्दो जग्गा खण्डीकरण रोक्नका लागि साउन २७ गते गरेको भूमिसुधार मन्त्रीस्तरीय निर्णयबाट खण्डीकरण रोकियो तर हप्ता दिन नबित्दै उक्त निर्णय विरुद्ध परेको रिटमा सर्वोच्च अदालतको अन्तरिम आदेशबाट तत्कालका लागि रोकिदियो र चरम स्रोतको दुरुपयोग रोक्ने प्रयास पनि यथास्थितिमै रहन पुगेको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

**खानेपानी तथा सिंचाईको अभावले स्थानीय जनता स्वच्छ पिउने पानीबाटै बन्चित हुनुपर्ने अवस्था बढदो छ भने सिचाई र बस्तुभाउको लागि समेत पानीको समस्या सृजना हुन थालेको छ ।**

सुर्खेत लगायत यस क्षेत्रका विभिन्न जिल्लामा शुद्ध खानेपानीको अभाव देखिएको छ । एकातिर पानीको मूलहरु सुक्ने र अर्कोतर्फ बढ्दो शहरीकरणका कारण पनि खानेपानीको अभाव देखिन थालेको हो । सुर्खेतको गुर्भाकोटमा खानेपानीको समस्या नै मुख्य समस्या रहेको नगरपालिकाको कार्यालयले जनाएको छ (स्रोत : जुलाई १२ को साझा बिसौनी) । यसैगरी सिंचाई हुन नसक्दा अधिकांश स्थानमा उत्पादन घटेको जिल्ला कृषि कार्यालय सुर्खेतले जनाएको छ । सुर्खेतका ८० प्रतिशत भू-भागमा सिंचाई उपलब्ध हुन सकेको छैन (स्रोत : सेप्टेम्वर १९ को साझा विसौनी) । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर छ)***

## ५ संक्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

**शसस्त्र द्वन्द्वका समयमा पीडित भएका द्वन्द्व पीडित र पीडित परिवारका लागि शान्ति तथा पूर्ननिर्माण मन्त्रालयबाट बिनियोजित रकम समयमै बितरण नभएका कारण एकातिर रकम फ्रिज भएको छ भने पीडित तथा पीडित परिवार राहत रकम पाउनबाट बन्चित हुन पुगेको पाइएको छ ।**

सशस्त्र द्वन्द्वकालको समयमा बेपत्ता पारिएका नागरिकहरुको आफन्तले अहिलेसम्म सरकारले बेपत्ता पारिएकाहरुको अवस्था सार्वजनिक गर्न नसकेको गुनासो गरेका छन् । सरकारले उनीहरुको अवस्था सार्वजनिक गर्ने क्रममा मृत नै घोषणा गरे पनि काजक्रिया गर्ने बताएका छन् । त्यस्तै ईलाम जिल्लामा सशस्त्र द्वन्द्वका पीडितहरूलाई आएको रकममध्ये एक करोड रुपियाँ फिर्ता गएको अवस्था छ भने केही द्वन्द्व पीडितहरुले सरकारले प्रदान गर्ने गरेको राहत अहिलेसम्म पनि नपाईरहेको गुनासो गरिरहेका छन् ।

इलाम ०७४ साउन १० गते प्रकाशित एक समाचारमा सशस्त्र द्वन्द्वका पीडितहरूलाई आएको रकममध्ये १ करोड रुपियाँ फिर्ता भएको छ । विगतमा राहत पाएकाहरूलाई थप गर्ने गरी आएको रकम असार मसान्त भित्र वितरण नगरिएकाले फिर्ता भएको हो । मृतक तथा बेपत्ता परिवारका लागि आएको ६ करोड ७७ लाख रुपियाँमध्ये जिल्ला प्रशासन कार्यालयले ५ करोड ७७ लाख रुपियाँ मात्र वितरण गरेको छ । यस्तै विस्थापितका लागि शान्ति मन्त्रालयबाट आएको १ करोड ३२ लाख ५ हजार रुपियाँमध्ये २४ लाख ७९ हजार ६ सय रुपियाँ मात्र वितरण भएको कार्यालयका लेखापाल राजु चौधरीले बताए । माङसेबुङ गाउँपालिका २ का जीतबहादुर तामाङले सशस्त्र द्वन्द्वका समयमा आफ्नो छोरो दिलबहादुर तामाङको हत्या भएको र अहिलेसम्म एक रुपियाँ पनि राहत नपाएको भन्दै साउन ८ गते जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराएका छन् । इन्सेकको अभिलेखमा इभाङ गाविस ३ तामाङ टोलका १८ वर्षीय दिलबहादुर तामाङलाई माओवादीको आरोपमा ०६० भदौ ५ गते साकापारा गाविस ९ मा सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षाकर्मीले गोली हानी हत्या गरेको उल्लेख छ । त्यसैगरी फाकफोकका टेकबहादुर राई, इलाम नगरपालिकाकी तेजमाया गुरूङ र नयाँ बजारकी सीतादेवी पौडेलले पनि थप राहत पाउनका लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दर्ता गराएका छन् । द्वन्द्वका समयमा ०६२ सालमा मारिएका साविक दानाबारी २ का गम्भीरबहादुर एक्तेनको परिवारले पनि अहिलेसम्म राज्यका तर्फबाट प्रदान गरिने कुनै पनि राहत पाउन नसकेको गुनासो गरेको छ । विगतमा राहत

पाएकाहरूले समयमा सूचना नपाउँदा थप राहत बुझ्न समस्या भएको द्वन्द्व पीडित समाज इलामका संयोजक दामोदर चापागाईंले बताए । *(त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर एक)*

सत्य निरुपण तथा मेलमिलाप आयोगले प्राप्त उजुरी उपर अनुसन्धान थालेको छ । सातै प्रदेशमा कार्यालय खोलेर कुल ५८,०५२ वटा उजुरीमाथि छानवीन शुरु गरेको हो । आयोगका अध्यक्ष सूर्यकिरण गुरुङ्ले सातै प्रदेशमा रहेका कार्यालयमा तोकिएका विज्ञ सहितको टोलीले उजुरीको वास्तविकता बुझ्ने तथा थप अनुसन्धान गर्नेछन् । टोलीमा प्रदेशमा रहेका उच्च अदालत सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता संयोजक हुने तथा अन्य एक महिलासहित दुई विज्ञ रहेका छन् । यसरी आयोगले अनुसन्धान थालेपनि सरकारले स्थानीय जिल्ला शान्ति समिति भंग गरिदिएको कारणले अनुसन्धानमा बाधा परेको कुरा आयोगका पदाधिकारीले बताएका छन् । *(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)*

सत्य निरुपण तथा मेलमिलाप आयोग सुर्खेतमा द्वन्द्वकालीन घटनाका ३५ उजुरी दर्ता भएका छन् । द्वन्द्वपीडितले घटना दर्ताको लागि म्याद थप गर्न माँग गरे बमोजिम एक महिना थप गरिएको थियो । यद्यपी पीडितहरुले न्याय पाउनेमा विश्वस्त हुन सकेका छैनन् । *(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर छ)*

अन्तराष्ट्रिय न्याय दिवशको सन्दर्भमा कैलाली जिल्लामा आयोजित एक कार्यक्रममा सर्वसाधारणहरुले न्यायमा पहुँच नभएका कारणले पीडितले न्याय पाउन नसकेको बताएका छन् । अदालतबाट फैसला भएका मुद्दा कार्यान्वयन नहुने गरेको, बलात्कार पीडितले क्षतिपूर्ति पाउने व्यवस्था रहेता पनि पीडितले क्षतिपूर्ति पाउन नसक्ने समस्या रहेको सहभागीहरुले जनाएका छन् । महिला अधिकारकर्मी सावित्रा घिमिरेले शक्ति र पहूँचको आधारमा न्याय सम्पादन हुने गरेकोले दलित, उत्पीडित बर्ग र गरिव नागरिकहरु पक्षमा सहज रुपमा न्याय सम्पादन नहुने गरकोले दलित, उत्पीडित वर्ग र गरिव नागरिकहरुका लागि न्याय सम्पादनमा सहज बाताबरण अहिलेको आबश्यक्ता रहेको उल्लेख गरिन् । इन्सेकका सुदुरपश्चिामाञ्चल क्षेत्रका संयोजक खड्गराज जोशीले न्याय सम्पादन प्रक्रियामा दक्ष जनशक्तिको अभाव, न्यायिक तथा अर्द्धन्यायिक निकायहरुमा कानुनी कार्यविधि सम्बन्धी ज्ञानको अभाव, परम्पराबादी अनुसन्धान प्रक्रिया र राजनीतिक प्रभाव तथा दवावका कारण न्याय सम्पादनमा समस्या आउने गरेको बताए । *( त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर सात)*

## ६ प्रकोपपछिको राहत / सहयोग वितरण सम्बन्धी चूनौती / द्वन्द्व

**अविरल वर्षाका कारण आएको बाढीले धनजनको क्षति हुनुको साथै छालाका रोग बढनुका साथै पहिरोका कारण ४० परिवार बिस्थापीत भएको पाइयो ।**

वर्षायामको समयमा तराई तथा पाहाडी जिल्लामा बाढि र पहिरोको कारण जनजीवन कष्टकर भएको पाईएको छ । जसकाकारण जनधनको क्षति हुनुको साथै धेरै घर परिवार विस्थापित बनेको पाईएको छ । त्यस्तैगरी बाढी पीडितहरुमा छाला सम्बन्धी रोग बढेको पाईएको छ । झापा जिल्लाका बाढी पीडितहरुमा छाला सम्बन्धी समस्या देखा परेको छ । १५ सय बाढी पीडितमा अधिकांशमा छाला सम्बन्धी समस्या देखा परेको हो । एक साताको अवधिमा विभिन्न चरणमा गरिएको स्वास्थ्य शिवीरमा आउने विरामी मध्ये ७० प्रतिशत छालाको समस्या देखिएको झापा गाउँपालिकाका स्वास्थ्य समन्वयकर्ता एवं कामाटोली स्वास्थ्य चौकीका प्रमुख प्रेम न्यौपानेले जानकारी दिए । बाढी पीडितमा छालाको रोग डरमाटाईटिस, छालाको एलर्जि, लुतो लगायतका समस्या देखापरेको छ भने त्यसको अलवा केहि पीडितहरुमा रुघाखोकी र ज्वरोको समेत समस्या रहेको पाईएको छ । *(त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर एक)*

०७४ साउन २६ र २७ गते भएको अविरल बर्षाको कारण पाहाडि क्षेत्रमा समेत बाढीको समस्याका साथै पहिलो समेत धनजनको क्षति भएको छ । पहिरोमा परि पाँचथरमा २ जनाको मृत्यु भएको छ भने २ जना वेपत्ता भएका छन् । पहिरोबाट फालेलुङ गाँउपालिकाका ४० परिवार विस्थापित भएका छन् । मृतक तथा वेपत्ता समेत फालेलुङ गाँउपालिकाकै छन् । पहिरोले घर बगाउँदा फालेलुङ गाँउपालिका-१ का ८३ वर्षीय त्रिलोचन विकको गत शुक्रवार मृत्यु भएको थियो । पहिरोमा परि फालेलुङ गाँउपालिका-४ (साविक मेमेङ गाविसको ताङ्लेपा) मा रहेको नेवा खोला लघु जलविद्युत आयोजनाको पावरहाउस पुर्दा ३ जना वेपत्ता भएका थिए । पहिरोमा पावरहाउसका चौकीदार विष्णुभक्त राई, उनकी छोरी गंगामाया राई र नातिनी प्रिया राईलाई पहिरोले वगाएको थियो । वेपत्तामध्ये एक बालिकाको शव निवा खोला पुच्छार माझिगाउँमा आइतवार दिउँसो फेला परेको थियो । *(त्रैमासिक प्रतिवेदन-प्रदेश नम्वर एक)*

**भूकम्पबाट प्रभावित घर पुर्ननिर्माणको लागि बिनियोजित रकमको दुरुपयोग भएको पाइयो ।**

काठमाडौंको प्रदर्शनीमार्गस्थित रत्नराज्यलक्ष्मी कलेजको भवन भूकम्पले खासै भत्किएको नभएपनि त्रिभुवन विश्वविद्यालयलाई २५ लाख रुपैयाँ विनियोजन गरेको तथा त्यसबाट कलेज रंग रोगन गर्ने काम गरेर पुननिर्माणको लागि भनी दिइएको बजेटको दुरुपयोग भएको खुलासा भएको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

सिन्धुपाल्चोकमा भूकम्पमा भत्केको घर निर्माणका लागि सरकारले खटाएको इन्जिनियरहरु गाउँमा नियमित नबस्दा घर बनाइरहेका वा बनाउने योजना भएका भूकम्प पीडित  परिवार अन्योलमा परेका छन् । प्राविधिकहरुको काम घरधनीलाई घर बनाउने विधि सिकाउने र घर निर्माणको समग्र प्रक्रिया अनुगमन गर्ने हो तर त्यसो नगरी उनीहरु गाउँलेलाई अन्योलमा पारेर शहरतिरै जाँदा पुनर्निर्माण नराम्रो गरी प्रभावित भएको पाईएको छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

भूकम्पबाट सर्वाधिक क्षतिग्रस्त सिन्धुपाल्चोकका पीडितले जस्तापाता, त्रिपाल र स्याउलाको अस्थायी टहरोमा जमरा राखेर दशैं मनाए । २०७२ बैशाख १२ को भूकम्प पछि पीडितले टहरोमा दशैं मनाउन लागोको यो तेस्रो पल्ट हो। भण्डै ९५ प्रतिशत भर भूकम्पमा भत्केकोमा अझै अधिकांश टहरोमै छन् । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर तीन)***

बर्षाका कारण यस क्षेत्रका धेरै स्थानमा घरहरु भत्किएका छन् भने बाढीका कारण धनजनको क्षति भएको छ । लगातार दुई दिनसम्म भएको बर्षाका कारण दैलेखको नारायण नगरपालिकामा ६ घर भत्किंदा १ जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन् (स्रोत : साझा बिसौनी, अगष्ट २६ तथा बुलबुले एफएम), (***त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर छ)***

**प्रबृत्ति**

मंसिर १० र २१ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको चुनावमा दलहरु भित्रै तथा अर्को दलहरुबीच तीव्र विवाद हुने संकेत देखिदैछ । पछिल्लो राजनीतिक ध्रुवीकरणले पनि त्यसको संकेत गरेको छ । नेपाली कांग्रेस र एमाले तथा माओवादी-केन्द्र बीच हुने चुनावी प्रतिस्पर्धासँगै चुनावी कार्यक्रमहरुमै टकराव देखिने तथा चुनावलाई प्रभावित पार्ने गरी बढ्दै गएको खर्च गर्ने प्रवृत्तिमाथि निर्वाचन आयोगले निस्पक्ष भई निगरानी राख्न नसकेमा विवाद झनै निम्तिन सक्ने देखिन्छ ।

भूकम्पले भत्केको घरहरुको पुननिर्माणमा दक्ष जनशक्तिको अभाव, सरकारले खटाएका इन्जिनियरहरु जिल्लामा तथा गाउँमा नबसेको कारणले तथा दास्रो किस्ता वितरण प्रणालीमा भइरहेको ढिलाईले गर्दा निजी आवास पुननिर्माण आगामी असार भित्रै सम्पन्न गर्ने काम पुरा नहुने देखिन्छ । आगामी हिउँदामा पनि भूकम्प पीडितहरु टेन्टकै चिसोमा बस्न बाध्य हुने देखिन्छ । साथै रसुवा लगायतका जिल्लामा सार्वजनिक भवन निर्माणको काममा सुस्तता नै छ । स्थायी भवन नहुँदा स्वास्थ्य सेवा प्रभावित भैरहेको छ । यसैगरी केन्द्रीय सरकारले स्थानीय सरकारलाई तत्काल रोकेका कार्यहरुजस्तै आफ्नै तजविजीमा भवन बनाउन नपाउने, कर्मचारी भर्ती गर्न नपाउने जस्ता निर्देशनहरुबाट स्थानीय तहका जनप्रतिनिधिले केन्द्रीय हस्तक्षेप भनेका छन् । यसले पनि स्थानीय तह र केन्द्रीय सरकारबीच विवाद बढ्ने देखिन्छ ।

स्थानीय तहलाई दिइएको पर्यटन शुःल्क उठाउन पाउने अधिकार प्रयोग गर्दै केही स्थानीय तहले पर्याटकसँग छुट्टै कर उठाउन थालेपछि त्यसरी नै सबै तहले कर उठाउन थालेमा कर भद्रगोल हुने तथा पर्यटकलाई झन्झटिलो हुन जाने देखिन्छ । स्थानीय तहल बढी बढी भन्दा कर लगाउन प्रतिस्पर्धा नै गर्न सक्ने पनि सम्भावना देखिदैछ । यसैगरी केन्द्रीय सरकारले पर्वतारोहण, ट्रेकिङ् आदिबाट उठाएको रोयल्टी स्थानीय तहलाई कसरी बाँड्ने भन्ने विषय पनि आगामी दिनमा विवादित बन्दै जाने देखिन्छ । हालै संसद्बाट पारित कानुनहरुले स्थानीय तहलाई प्राकृतिक स्रोतको उपयोगबाट उठ्ने रोयल्टी स्थानीय तहमा र प्रादेशिक सरकारलाई २५-२५ प्रतिशत बाँड्ने भन्ने व्यवस्था गरेपनि विगतमा जसरी जिविसमार्फत् सबै स्थानीय तहलाई उक्त रोयल्टी बाँडफाँड हुन्थ्यो भने अब सानो स्थानीय तहमा मात्रै पाउने देखिन्छ तर त्यस प्राकृतिक स्रोत उपयोग भएका जस्तै पर्वतारोहण, खानी, जलविद्युत् गृह आदि एकभन्दा धेरै स्थानीय तहमा रहेका हुनाले कुन तहले कति हिस्सामा उक्त रोयल्टी बापतको रकम पाउने भन्ने चर्को विवाद हुनसक्ने संभावना छ । ***( प्रतिवेदन- प्रदेश नम्वर तीन)***

**स्थानीय तहको व्यवस्थापन एक चूनौतीपूर्ण रहेको देखिन्छ ।**

मुलुकभर स्थानीय तहको निर्वाचन सम्पन्न भैसके तापनि स्थानीय तहमा पूर्वाधार तथा स्रोत साधनको अभावले स्थानीय तहमा संक्रमणकालीन असर हुनसक्ने सम्भावना उत्तिकै देखा पर्ने अवस्था रहेको छ । परिणामस्वरुप जनचाहना र स्थानीय तहको कार्यक्षमताबीच तालमेल हुन नसक्दा जनतामा निराशा उत्पन्न हुन जाने अवस्था रहन सक्दछ । ***( त्रैमासिक प्रतिवेदन- प्रतिवेदन नम्वर चार)***

**प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनमा दलहरु ध्रुवीकृत भएकोले ध्रुवीकृत भएका दलहरुवीच र निर्वाचनमा भाग नलिने विप्लव नेतृत्वको नेकपा माओबादीवीच द्वन्द्व र तनावका सम्भावनाहरु हुन सक्ने सम्भावना बढदो छ ।**

आगामि मंसीरमा हुने प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनका कारण केही तनाव हुनसक्ने अनुमान गर्न सकिन्छ । सामान्यतया कार्यकर्ता वा टिकट व्यवस्थापन तथा निर्वाचन आचारसंहिता उल्लंघनका घटना हुनसक्छन् । पछिल्लो समयमा नेकपा एमाले र माओबादी केन्द्रको निर्वाचनमा समीकरण एवं पार्टी एकीकरण सम्मका चर्चाले देशको ठूलो दल मानिएको नेपाली कांगेसलाई अप्ठयारो परिस्थितीको सामाना गर्नुपर्ने अवस्था उत्तिकै छ । यसै कममा नेपाली कांग्रेसले पनि लोकतान्त्रिक पक्षधरवीच निर्वाचन एकताको कार्य अगाडि बढाएसंगै दुई शक्तिवीचको शक्ति प्रतिस्पर्धाले आउँदो प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन भयावह हुने हो कि भनि धेरैको अनुमान रहेको पाइएको देखिन्छ । त्यसैगरि निर्वाचनमा भाग नलिने पक्षधर मानिएको विप्लव नेतृत्वको नेकपा माओबादीको गतिविधि पनि बढन सक्ने सम्भावना उत्तिकै देखिन्छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर चार र पाँच))***

**संक्रमणकालीन न्याय**

सत्य निरुपण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगले संकलन गरेका उजुरीको सही ढंगले निरुपण गर्न नसकेमा यसले थप तनाव निम्त्याउन सक्ने देखिन्छ । यसलाई राजनीतिक तवरले मात्र भन्दा न्यायको सर्वमान्य सिद्धन्त, अन्तराष्ट्रिय अभ्यास र मुलुकको आवश्यकताका आधारमा सम्बोधन गर्नुपर्छ । ***(त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर चार)***

सरकारी कार्यालयमा भ्रष्टाचारको प्रबृत्ति बढदै गएकोले यसमा कमी आउनसक्ने सम्भावना न्यून देखिन्छ । बलत्कार र यौनदुर्वव्यवहारका घटनमा वृद्धि भएको देखिन्छ । अन्धविश्वास र कुरीतिका कारण समाजमा कमजोर महिलाहरु बोक्सीको नाममा हिंसाको सिकार हुने गरेको छ । निर्वाचनमा नेताहरुलाई आफनै छोराछोरी तथा नातागोतालाई टिकट दिलाउन उद्यत रहेको देखिन्छ यसले राजनीतिमा गलत संस्कारको विकास हुने गरेको देखिन्छ । यसपल्टको स्थानीय निर्वाचनमा उम्मेदवारहरुले पैसा, जात, पार्टी र व्यक्तित्वको आधारमा भोट पाएको दखिएको छ । त्यसैगरि गत स्थानीय तहको निर्वाचनमा आचारसंहिताको व्यापक उल्लघंखन भएको देखिएको छ । ***(नेमाफ, त्रैमासिक प्रतिवेदन- प्रदेश नम्वर दुई)***

**१० औं अंक EWER चौमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)- नेपाल मनिटर डट ओआरजीले प्रदेश नम्वर दुईमा नेपाल मधेश फाउण्डेशन, प्रदेश नम्वर एकमा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल), प्रदेश नम्वर चार, पाँच र छमा माहुरी होम, तथा मध्य-पश्चिमाञ्चल विश्वविधालयको सहकार्यमा लेखिएको हो । नेमाफका नन्दकुमार साह, माहुरी होमका बसन्त बन्जाडे, मध्य-पश्चिमाञ्चल विश्वविधालयका कमलराज लम्साल, प्याग नेपालकी यसोधा सुव्वा, प्रदेश नम्वर सात (सुदुर-पश्चिमाञ्चल) का हेमकर्ण विके र प्रदेश नम्वर तीन ( मध्यमाञ्चल) बाट रुद्र पंगेनीको यस प्रतिवेदनमा लिखित सहयोग रहेको छ ।**